# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- 220

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

मिति - २०७७/४/२९ गते

बिषय - निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
टोखा नगरपालिका

उपरोक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३४ मिति २०७४४/४/६ को पत्र र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं. ३२१/५०६ मिति २०७७/४/१९ को नेपाल सरकारको निर्णय र मिति २०७७/४/२६ गते बागमती प्रदेशको बैठकको निर्णय प्रतिलिपी यसैसाथ संलग्न गरी उल्लेखित निर्णय कार्यान्वयनका लागी अनुरोध गरिन्छ ।

७७/४/२९

अनिल प्रसाद जोशी
अधिकृत सातौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

प.सं ०७७।७८

च.नं ३४

टोखा नगरपालिका
दर्ता नं: ३८८
मिति: २०७७/४/२

मिति: २०७७।०४।२६

श्री स्थानीय तह (सबै),

विषयः निर्णय सम्बन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ५०६, मिति २०७७/०४/१९ को पत्रबाट नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०४/१९ मा भएको निर्णय तहाँ सँग समेत सम्बन्धित देखिएकोले आवश्यक कार्यान्वयार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

विष्णुहरी वराल
शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखाः Website मा राख्ने प्रयोजनको लागि ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : मं.बै./३२१/५०६

मिति: २०७७/४/१९

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

कोभिड-१९ सम्बन्धी विषय मं.प.बै.सं. २४/०७७ मिति २०७७/४/१९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"कोभिड-१९ को संक्रमण बढ्दै गएको हुँदा संक्रमणलाई नियन्त्रण गर्न देहायबमोजिमको व्यवस्था मिलाउने र उल्लङ्घन गर्ने व्यक्ति, सञ्चालक तथा संस्थालाई प्रचलित कानूनबमोजिम दण्ड जरिवाना गर्ने ।

१. नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड तथा सुरक्षा मापदण्ड कडाइका साथ पालना गराउने । मास्क नलगाउने वा जनस्वास्थ्य मापदण्डको उल्लङ्घन गर्ने व्यक्तिलाई दण्ड जरिवाना गर्ने ।

२. काठमाडौं उपत्यका प्रवेश गर्ने अत्यावश्यक ढुवानी बाहेकका अन्य सबै यात्रुबाहक सवारी साधनहरूलाई बेलुकी ७:०० बजेदेखि बिहान ५:०० बजेसम्म आवागमन निषेध गर्ने । काठमाडौं उपत्यका र कोभिड-१९ को २०० भन्दा बढी सक्रिय संक्रमण केश भएका जिल्लामा सार्वजनिक तथा निजी सवारी साधनहरू जोर बिजोरका आधारमा सञ्चालन गर्ने । यस वर्गमा पर्ने जिल्लाका सहरी इलाकामा बेलुकी ९:०० बजेदेखि बिहान ५:०० बजेसम्म आवागमन बन्द गर्ने ।

३. कोभिड-१९ को संक्रमणको जोखिमको विश्लेषण गरी जोखिम बढेको क्षेत्र/स्थानमा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले तुरुन्त बन्द गरी थप परीक्षणको व्यवस्था मिलाउने ।

४. नेपाल सरकारको निर्णयबमोजिम आगमन अनुमति पाएका व्यक्ति बाहेक अन्तर्राष्ट्रिय सीमानाकामा हुने आवतजावतलाई निषेध गर्ने ।

५. होटल रेष्टुरेण्टमा हुने सामूहिक भोज, पार्टी, सेमिनार वा अन्य सामूहिक भेलाजस्ता कार्य निषेध गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

बोधार्थ तथा कार्यार्थः

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री सचिव, रक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६

आ. प्र. / प्रशासन

PCCMC-Meeting 2077.04.26

आज मिति २०७७ साल श्रावण २६ गतेका दिन वागमती प्रदेशका मुख्यमन्त्री मा. डोरमणि पौडेलको अध्यक्षतामा Province Corona Crisis Management Center को वैठक बसी तपशील बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| | | |
|---|---|---|
| १. | मा. मुख्यमन्त्री, श्री डोरमणि पौडेल, वागमती प्रदेश | संयोजक |
| २. | मा. मन्त्री, श्री शालिकराम जम्कट्टेल, आन्तरिक मामिला तथा कानून | सदस्य |
| ३. | मा. मन्त्री, श्री अरुण प्रसाद नेपाल, उद्योग, पर्यटन, बन तथा वातावरण | सदस्य |
| ४. | मा. मन्त्री, श्री कैलास प्रसाद ढुङ्गेल, आर्थिक मामिला तथा योजना | सदस्य |
| ५. | मा. मन्त्री, श्री युवराज दुलाल, सामाजिक विकास | सदस्य |
| ६. | प्रमुख सचिव, डा. मान वहादुर बीके, | सदस्य |
| ७. | नगर प्रमुख हरि वहादुर महत, हेटौंडा उपमहानगरपालिका | सदस्य |
| ८. | उपरथी, पृतनापती, श्री ताराध्वज पाण्डे, नेपाली सेना | सदस्य |
| ९. | सचिव, दिपक काफ्ले, सामाजिक विकास मन्त्रालय | सदस्य |
| १०. | सचिव, श्री डण्डुराज घिमिरे, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ११. | सचिव, श्री मदन भुजेल, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| १२. | सचिव, श्री शिव कुमार वाग्ले, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| १३. | प्रदेश प्रहरी प्रमुख, श्री बसन्त लामा | सदस्य |
| १४. | सशस्त्र प्रहरी नायव महानिरिक्षक श्री मन्दिप श्रेष्ठ | सदस्य |
| १५. | प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश कार्यालय श्री सुनिल कुमार ढकाल | सदस्य |
| १६. | सचिव, भगिरथ पाण्डे | सदस्य सचिव |

आमन्त्रित

१. मा. मन्त्री, श्री दावा दोर्जे लामा, भूमि व्यवस्था कृषि तथा सहकारी
२. मा. मन्त्री, श्री रामेश्वर फुयाल, भौतिक पूर्वाधार विकास
३. प्रमुख, श्री रघुनाथ खुलाल, जिल्ला समन्वय समिति, मकवानपुर
४. प्रदेश सचिव डा. हरि लम्साल
५. प्र. जि. अ. दिपक राज नेपाल, जिल्ला प्रशासन कार्यालय, मकवानपुर
६. पुरुषोतम सेडाई, सामाजिक विकास मन्त्रालय
७. जेम्स छपलिया, राजनैतिक सल्लाहकार
८. रामहरि शर्मा, उप अध्यक्ष

निर्णय नं. १

कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषबाट प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका,नगरपालिका, गाँउपालिका र जिल्ला समन्वय समितिलाई निकासा गरिएको १३ करोड ६७ लाख खर्चको विवरण आन्तरिक मामिला तथा कानुन मन्त्रालयले संकलन गरी पेश गर्ने। साथै सामाजिक विकास मन्त्रालयबाट प्रदेशका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्था समेतमा उपलब्ध गराइएको कुल ९ करोड ९३ लाखको खर्चको विवरण सामाजिक विकास मन्त्रालयले संकलन गरी पेश अर्को बैठकमा पेश गर्ने ।

निर्णय नं. २

संघीय सरकारबाट प्राप्त भएको आइसोलेशन स्थापना देखी उपचार सम्मको कार्य व्यवस्थापनको लागि स्थानीय तहलाई उपलब्ध गराउन प्राप्त भएको रू ४ करोड रकम प्रदेश सरकार मातहतका अस्पतालहरुमा आइसोलेशन वेड र कोभिड -१९ को उपचारलाई प्रभावकारी बनाउन सामाजिक विकास मन्त्रालय मार्फत उपलब्ध गराउने।

निर्णय नं. ३

कोभिड-१९को सन्दर्भमा क्वारेन्टाइनको रुपमा प्रयोगमा ल्याइएको विद्यालयहरुबाट क्वारेन्टाइन हटाई अन्य सार्वजनिक भवन वा सामुदायिक भवनहरुमा व्यवस्था गरी उक्त विद्यालय, भवनहरुलाई निर्मलीकरण गर्न स्थानीय तहलाई लेखि पठाउने। साथै सो कार्यका लागि श्रोतको आवश्यकता परेमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत माग गर्न जानकारी गराउने ।

निर्णय नं. ४

जनवादी गणतन्त्र चीन सरकारको स्वशासित क्षेत्र तिब्बत सरकारबाट प्राप्त भएको कोभिड १९ महामारीसंग सम्बन्धित स्वास्थ्य उपकरणहरुलाई तत्काल स्वास्थ्य आपूर्ति केन्द्रले भण्डारण गरी आवश्यकताको आधारमा स्तर अनुसार प्रदेशका अस्पतालहरुलाई हस्तान्तरण गर्ने व्यवस्था सामाजिक बिकास मन्त्रालयले मिलाउने ।

निर्णय नं. ५

सुरक्षा निकायबाट कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका क्रममा सुरक्षा जाँचका लागि खटिएको स्थानमा वा सुरक्षित तवरबाट छुट्टै स्थानमा वस्ने व्यवस्था आन्तरिक मामिला तथा कानुन मन्त्रालयसंगको समन्वयमा सुरक्षा निकायहरूले मिलाउने ।

निर्णय नं. ६

कोभिड-१९ को कारणबाट मृत्यु भएकाको शव व्यवस्थापन गर्न तोकिएको नेपाली सेनाको कमाण्डलाई आवश्यक उपकरण तथा स्रोत साधनको व्यवस्था सामाजिक विकास मन्त्रालयले गर्ने ।

मुख्यमन्त्री

निर्णय नं. ७

प्रदेश स्तरमा PCR testing र प्रयोगशालाको क्षमता बढाउन सामजिक विकास मन्त्रालयले व्यवस्था मिलाउने। बागमती प्रदेशमा संकलन भएका नमुनालाई पहिलो प्राथमिकता राखि PCR Testing गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ८

कोभिड-१९को सक्रमणबाट नागरिकको बचावटका लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्न स्थानीय तह, नागरिक समाज, पत्रकार र सबै सरोकारवाला व्यक्ति तथा निकायहरूलाई अनुरोध गर्ने ।

निर्णय नं. ९

स्वास्थ्यकर्मी परिचालनको लागि आवश्यक स्रोत र साधनको व्यवस्था स्थानीय तह र सामाजिक विकास मन्त्रालयले मिलाउने।

निर्णय नं. १०

प्रदेशमा प्रवेश तथा भित्र आवत जावतलाई निरूत्साहित गर्न प्रदेशका नाकाहरु र बजार क्षेत्रहरुमा चेकजाँचलाई कडाइ गर्न तथा अत्यावश्यक काममा वाहेक सवारी पास उपलब्ध नगराउने व्यवस्था मिलाउन प्रदेशका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले आवश्यक व्यवस्था गर्ने ।

निर्णय नं. ११

प्रदेश सरकारका मन्त्रालयहरुको दैनिक कार्य भिडभाड कम हुने गरी सञ्चालन गर्न आवश्यक कर्मचारीहरुलाई निवासदेखि कार्यालयसम्म आवतजावतका लागि सम्वन्धित मन्त्रालयको सचिवले पास जारी गर्ने र ज़िल्ला स्तर कार्यालयको हकमा सम्वन्धित प्रमुख जिल्ला अधिकारीबाट सवारी पास लिनु पर्ने व्यवस्था मिलाउने ।

मुख्यमन्त्री